# राप्ती गाउँपालिकाका उपाध्यक्ष श्री कमलापती चौधरीज्यूले मिति २०८३।०३।१० गते गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

यस सम्मानित सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारी,सञ्चारकर्मी तथा आम राप्तीवासी जनसमुदाय।

सर्वप्रथम विभिन्न आन्दोलन तथा संघर्षमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। आन्दोलन तथा संघर्षका घाइते, अपाङ्ग, सहिद परिवार, बेपत्ता परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु।
आज यो विशेष अवसरमा म राप्ती गाउँपालिकाको उपाध्यक्षको हैसियतले दोस्रो गाउँसभाको नवौं अधिवेशनको बैठकमा आगामी आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म अत्यन्तै हर्षित छु।
आज म यस सम्मानित सभा समक्ष उपाध्यक्षको भूमिकामा प्रस्तुत हुँदा मेरो मनमा अपार खुशी र जिम्मेवारी अनुभूति भएको छ। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशीलता, पर्यटन पूर्वाधार विकासलाई प्राथमिकता हुने गरी स्वीकृत भएको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमका आधारमा संघीय सरकार, प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही मानवीय पूँजीको विकाससहितको आर्थिक समृद्धि र न्यायपूर्ण समाज निर्माण गर्नु आजको आवश्यकता हो।

**सभाध्यक्षज्यू,**
संघीय प्रणाली र गणतन्त्रको उपलब्धीको रुपमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएको क्षेत्र, वर्ग, समुदायका अल्प सङ्ख्यक, खस आर्य समुदायका साथै श्रमजीवी वर्गका नागरिकहरुको राज्य सत्तामा समानुपातिक सहभागीता सुनिश्चित भएको छ। मलाई थाहा छ गरिबीको रेखामुनी रहेका नागरिकको पीडा, त्यसैले नागरिक तहबाट महसुस गर्ने र नजिकको सरकारको अनुभूती दिलाउन विकास, सूशासन र सेवाप्रवाहका क्षेत्रमा नागरिकको सहभागिता वृद्धि गर्न स्थानीय सरकार सदैव प्रतिवद्ध रहेको छ।
राप्ती गाउँपालिका **"समृद्ध राप्ती; सुखी र खुसी राप्तीवासी"**भन्ने मूल सोचलाई यथार्थमा परिणत गर्न प्रतिवद्ध छ।

**सभाध्यक्ष महोदय,**

१. चालु आर्थिक वर्षको संशोधित आय अनुमान ६५ करोड २७ लाख २ हजार ९ सय भएकोमा हालसम्म ३९ करोड ७० लाख ८२ हजार गरी जम्मा ६०.८३ प्रतिशत प्रगती भएको छ। आय तर्फ सघीय सरकार ३४ करोड २९ लाख ८१ हजार गरी ८५.९४ प्रतिशत, प्रदेश सरकार बाट १ करोड ९६ लाख ७२ हजार गरी ६४.९८

प्रतिशत, राजश्व बाँडफाट तर्फ १४ करोड ५८ लाख ९३ हजार ४७ रुपैया गरी ८४.९४ प्रतिशत, आन्तरिक स्रोतको ५ करोड १ लाख ८४ हजार गरी ९७.३१ प्रतिशत आम्दानी भएको छ।

२. चालु आर्थिक वर्षको हालसम्म चालु तर्फ संशोधित विनियोजन ४९ करोड २६ लाख ८६ हजार रहेकोमा खर्च ३३ करोड ६० लाख ५८ हजार गरी ६८.२ प्रतिशत प्रगती भएको छ। चालु आर्थिक वर्षमा पूँजीगत तर्फ संशोधित विनियोजन रकम रु. १६ करोड १६ हजार विनियोजन भएकोमा हालसम्म रकम रु. ६ करोड १० लाख २३ हजार गरी ३८.१४ प्रतिशत वित्तीय प्रगती भएको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको जेठ मसान्तसम्म भए गरेका मुख्य -मुख्य उपलब्धीहरु पेश गर्दछु।

## शिक्षा,युवा तथा खेलकुद क्षेत्र तर्फ

३. राप्ती गाउँपालिकाभित्र हाल सामुदायिक २७, धार्मिक ३ र संस्थागत १६ गरी कुल ४६ वटा विद्यालयहरु रहेकाछन्। यस अन्तर्गत परीक्षा सञ्चालन, विद्यालय व्यवस्थापन तथा सञ्चालन, शिक्षक कर्मचारी तलबभत्ता , खेलकूद प्रतियोगिता तथा सहकार्य, विद्यार्थी सम्मान, छात्रवृत्ती साथै विभिन्न विद्यालयमा पूर्वाधार निर्माण, पर्खाल तथा गणित पार्क निर्माण जस्ता गतिविधिहरू सम्पन्न भएका छन् ।

४. राप्ती गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **६ करोड ६६ लाख ५० हजार मध्ये कुल खर्च ५ करोड ११ लाख १७ हजार गरी ७६.७० प्रतिशत वित्तीय प्रगती भएको छ।**

## स्वास्थ्य क्षेत्र तर्फ

५. eHMIS सञ्चालन, आकस्मिक तथा आधारभूत स्वास्थ्य सेवा कर्मचारी व्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन खर्च, महामारी नियन्त्रण, मानसिक रोग न्युनिकरण, जेष्ठ नागरिक तथा विद्यालय स्वास्थ्य कार्यक्रम, आयुर्वेद औषधि खरिद, खोप अभियान, पोषण कार्यक्रम, निशुल्क औषधि तथा उपचार सहयोग, रक्तदान तथा स्वास्थ्य दिवस, प्रसूति पोषण, अस्पताल उपकरण खरिद, शौचालय निर्माण, खाजा खर्च, एम्बुलेन्स सुविधा लगायतका विविध स्वास्थ्य सेवा तथा पूर्वाधार विकास गतिविधिहरू सम्पन्न भएका छन् ।

६. राप्ती गाउँपालिका स्वास्थ्य शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **४ करोड ११ लाख ९७ हजार मध्ये कुल खर्च २ करोड ६३ लाख ९० हजार गरी ६४.०६ प्रतिशत वित्तीय प्रगती भएको छ।**

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण तर्फ

७. अपाङ्गता, जेष्ठ नागरिक, बालबालिका, दलित, यौनिक तथा अल्पसंख्यक लक्षित बैठक, सहयोग, सचेतना, डाटा संकलन, सेवा आश्रम, सेफहाउस, दिवसीय कार्यक्रम तथा अभियानहरू सञ्चालन भएका छन ।

८. राप्ती गाउँपालिका **महिला, बालबालिका, जेष्ठ नागरिक** शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **२० लाख मध्ये कुल खर्च १३ लाख ७० हजार गरी ६८.५४ प्रतिशत वित्तीय प्रगती भएको छ।**

**खानेपानी तथा फोहोरमैला व्यवस्थापन तर्फ**

९. यस अन्तर्गत फोहरमैला व्यवस्थापनका लागि श्रमिक ज्याला, संकलन केन्द्रमा ज्यामी खर्च, इन्धन तथा मर्मत, औजार खरिद, इकोफेमिली सम्झौता, सरसफाई रनिङ शिल्ड, WASh योजना अद्यावधिक, सामग्री हस्तान्तरण, सरसफाई केन्द्र निर्माण तथा व्यवस्थापन लगायतका खानेपानी तथा सरसफाई सम्बन्धी गतिविधिहरू सम्पन्न भएका छन।

१०. राप्ती गाउँपालिका **खानेपानी तथा सरसफाई** शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **८२ लाख २ हजार ५ सय मध्ये कुल खर्च ५१ लाख २६ हजार गरी ६२.५० प्रतिशत वित्तीय प्रगती भएको छ।**

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ**

११. २०८२ साउन १ गतेदेखि आषाढ ९ गतेसम्मको अवधिमा राप्ती गाउँपालिकामा जम्मा १,७८३ वटा व्यक्तिगत घटना दर्ता भएका छन्। जन्मदर्ता ७४८, मृत्यु ३१२, विवाह ४०४, सम्बन्ध विच्छेद ६३ जना, बसाइसराइ गरी आएको १८६, बसाइ सरी गएको ७० रहेको छ । ४३४० जना लाभग्राहीहरुलाई निस्सा वितरण गरिएको छ । सामाजिक सुरक्षा भत्ता हालसम्म पहिलो, दोस्रो र तेस्रो किस्ता गरी त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताबापत कुल रु १३,००,४४,१८९ ।– लाभग्राहीहरूको खातामा जम्मा गरिएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीका लागि सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्तासम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । वडा सचिव तथा कर्मचारीहरू लाई राजश्व सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

**कृषि विकास तर्फ**

१२. यस अन्तर्गत रासायनिक मल अनुगमन, कृषि सूचना संचार, पुष्प खेती प्रदर्शन, स्वरोजगार मेला, कृषक समूह व्यवस्थापन तथा तालिम, कृषि हाट बजार सञ्चालन, मौरी घार वितरण, कृषक सम्मान, खाद्यान्न बालीको उन्नत बीउ उत्पादन, तरकारी खेती प्रवर्द्धन/केरा, रैथाने बाली संरक्षण, युवा लक्षित करार खेती, माटो सुधार तथा रोगकीरा व्यवस्थापन तालिम, जैविक विषादी वितरण, भर्मीकम्पोष्ट मल वितरण, कृषक समूह समन्वय, नर्सरी व्यवस्थापन, कृषि ल्याब सञ्चालन लगायतका कृषि प्रवर्द्धन तथा उत्पादन सम्बन्धी गतिविधिहरू भएका छन्।

**१३.** राप्ती गाउँपालिका **कृषि विकास** शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **४१ लाख २५ हजार मध्ये कुल खर्च २० लाख ३९ हजार गरी ४९.४४ प्रतिशत वित्तीय प्रगती भएको छ।**

**पशुपंक्षी तथा मत्स्य विकास क्षेत्र तर्फ**

१४. यस अन्तर्गत पशु सेवा केन्द्र सञ्चालन, पशु बृद्धाश्रममा आहारा अनुदान, ल्याब सञ्चालन, बीमा, कृत्रिम गर्भाधान, खोप तथा औषधि खरिद, डेरी तथा पशुपालन तालिम, कृषि तथा पशुपन्छी मेला, घाँस बीउ वितरण, माछापालन सहयोग, जैविक सुरक्षा तथा परजीवी नियन्त्रण, बधिया भाले प्रवर्धन, अनुगमन तथा बैठक खर्च लगायतका पशुपन्छी तथा मत्स्य विकाससम्बन्धी गतिविधिहरू सञ्चालन भएका छन् ।

१५. राप्ती गाउँपालिका **पशुपंक्षी तथा मत्स्य विकास** शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **४५ लाख मध्ये कुल खर्च ३० लाख ३७ हजार गरी ६७.५१ प्रतिशत वित्तीय प्रगती भएको छ।**

## पूर्वाधार विकास तर्फ

**१६.** सडक पूर्वाधार निर्माण, चक्रपथ निर्माण तथा स्तरोन्नती, बाटो मर्मत सुधार, परामर्श सेवा खर्च लगायतका गतिविधिहरू सम्पन्न भएका छन्।

१७. राप्ती गाउँपालिका **पूर्वाधार विकास** शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **२ करोड २७ लाख मध्ये कुल खर्च १ करोड १६ लाख ७९ हजार गरी ५१.५४ प्रतिशत वित्तीय प्रगती भएको छ।**

## श्रम, रोजगार तथा उद्यम विकास तर्फ

१८. वडा नं२मा महिला श्रमिक सहकारीका  १ .० जनालाई झोला टोपी उत्पादन–तालिम, वडा नंपिपरीमा  ८ . महिलालाई कपडामा प्रिन्ट तालिम १०गार्मेन्ट उद्योगका , ऐरावती क्याम्पसमा २० विद्यार्थीलाई अचार बनाउने तालिम तथा वडा नं–महिलालाई दुना २०पिपरखुट्टीमा  ४ .टपरी उत्पादन प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन भएको छ।

१९. राप्तीका युवा र महिला उद्यमशिलतामा पहिला कार्यक्रमबाट सिलाई कटाईमा ३७ जना र अचार बनाउनेमा २० जना युवा तथा महिलाहरुलाई तालिम प्रदान भएको र १२ जना मुक्त मकैया कम्लहरीहरुका परिवारहरुलाई ४५ दिने आधारभुत कम्प्युटर तालिम सम्पन्न भएका छन्।

२०. रोजगारी सृजना:स्थानीय स्तरमा रोजगारीका अवसर सृजना गर्न श्रममुखी आयोजनाहरू सञ्चालन गरिएका छन् । यस अन्तर्गत, सुचिकृत बेरोजगार युवाहरुलाई श्रममूलक कार्यमा संलग्न गराई प्रत्यक्षरूपमा रोजगारी उपलब्ध गराइएको छ ।

२१. वैदेशिक रोजगार विभागबाट प्राप्त हुने श्रम तथा पुनःश्रम स्वीकृति प्रक्रियामा २९५ जनालाई आवश्यक सूचना र सहजीकरण प्रदान गरिएको छ। साथै, २३ जना ब्यक्तिहरुलाई वैदेशिक रोजगार वोर्डबाट प्राप्त हुने सेवाहरुमा सहजिकरण गरिएको छ।

२२. उद्यमीहरूसँग प्रत्यक्ष संवादःस्थानीय स्तरमा उद्यमीहरूले भोगिरहेका समस्याहरू पहिचान गरी समाधानको उपाय खोज्न “उद्यमीसँग पालिका-प्रत्यक्ष संवाद कार्यक्रम” आयोजना गरिएको छ । यस कार्यक्रमले पालिका र निजी क्षेत्रबीच सहकार्य र समाधानमुखी संवादको आधार तयार गरिएको छ।

**२३.** व्यवसायिक योजना लेखनमा सहजीकरणः१२ जना साना तथा उद्यमशील युवा/समूहहरूलाई व्यवसायिक योजना निर्माण (Business Proposal Writing) मा सहयोग गरिएको छ।

## सुशासन तथा संस्थागत सेवा प्रवाह तर्फ

२४. आ.व. २०८१/८२ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्याङ्कनमा ७७.४६ अंक प्राप्त भएको साथै, स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा ८५.१ अंक सहित गाउँपालिकाको उत्कृष्ट कार्यसम्पादनलाई प्रमाणित गर्दछ ।

२५. गाउँपालिका तथा वडा कार्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली पूर्ण रूपमा लागू गरिएको छ। साथै, योजना व्यवस्थापन प्रणालीलाई सफ्टवेयरमा आधारित बनाइ कार्यसम्पादनमा पारदर्शिता र प्रभावकारिता ल्याइएको छ।

२६. नीति, कार्यक्रम, बजेट र सेवाबारे नागरिकलाई जानकारी दिन सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण सञ्चालन गरिएको छ। साथै, गुनासो पेटिका र अनलाइन गुनासो दर्ता प्रणालीमार्फत नागरिकका गुनासाहरूको शीघ्र सम्बोधन गरी पालिका-नागरिक सम्बन्धलाई बलियो बनाइएको छ ।

२७. नागरिक सूचना प्रणाली सञ्चालन भएको छ, जसले पालिकाका गतिविधिबारे नागरिकलाई तत्काल जानकारी प्राप्त गर्न सहज बनाउँदै लगेको छ।

**स्थानीय न्यायिक समिति तर्फ**

**२८.** न्यायिक समितिमा परेका उजुरीहरु मध्ये ४९ वटा उजुरी दर्ता भएकामध्ये कानुनी परामर्श उपलब्ध गराइएको संख्या १७, सम्पादन भएको उजुरी संख्या - ४५ तथा आवश्यक प्रकृया रहेका उजुरी संख्या ४ वटा रहेकाछन्। राप्ती गाउँपालिकामा मेलमिलापकर्ता सूचीकरण गरिएको छ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

२९. विभिन्न विपदबाट प्रभावित ६ जनालाइ राहत उपलब्ध गराइएको छ । नेपाल प्रहरी तथा शसस्त्र प्रहरी वल नेपालसँगको समन्वयमा विपद्जन्य घटनाहरुको रोकथामका लागी समुदाय स्वयंसेवक आधारभुत तालिम सञ्चालन गरिएको छ। राप्ती गाउँपालिकाको सवै वडालाई समेटि २५ जनालाई विपद् व्यवस्थापन स्वयेमसेवक तालिम प्रदान गरिएको छ।

**३०.** राप्ती गाउँपालिका वन वातावरण तथा विपद व्यवस्थापन शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म **३० लाख मध्ये कुल खर्च २३ लाख ९ हजार गरी ७६.९७ प्रतिशत वित्तीय प्रगती भएको छ।**

**सभाका अध्यक्ष महोदय,**

अव म राप्ती गाउँपालिकाको अर्थतन्त्रसँग सम्बन्धित प्रमुख चुनौतिहरु प्रस्तुत गर्दछु।

- राजस्व र अनुदानमा कमी
- आन्तरिक आय स्रोत कमजोर
- चालु खर्च बढ्दै जानु
- वित्तीय घाटा र बजेट असन्तुलन
- संस्थागत क्षमता अभाव
- नीति तथा कानुनी सीमाहरू

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु

- जनताको मौलिक हकका रूपमा न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न ध्यान दिनु आवश्यक छ ।
- नागरिकमैत्री सेवा प्रवाह र विकास व्यवस्थापनका कामहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।
- रोजगारीका नयाँ अवसर खोजी गरेर नागरिकलाई आत्मनिर्भर बनाउनेतर्फ उन्मुख गरिनुपर्छ ।
- राप्तीवासीको क्षमताको उच्चतम उपयोग गर्दै समृद्ध पालिका निर्माण गर्नुपर्छ ।

उल्लेखित उद्देश्यहरु पुरा गर्न सम्मानित सभा समक्ष राप्ती गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का बजेट तथा कार्यक्रमको प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेको छु ।

- शिक्षा र स्वास्थ्य क्षेत्रको सुदृढीकरण
- कृषि, रोजगारी, उद्यमशीलता तथा पर्यटन प्रवर्द्धन
- दिगो पूर्वाधार विकास
- विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षण
- सुशासन, सूचना प्रविधि र गुणस्तरीय सेवा प्रवाह

आगामी आ.व. का लागि सञ्चालन हुने आयोजना तथा क्रियाकलाप, बजेटका उद्देश्य र प्राथमिकता निर्धारणमा निम्नानुसारको आधार लिएको छु ।

- नेपालको संविधान
- संघ,प्रदेश र स्थानीय तहका आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघ,प्रदेश र स्थानीय तहका बजेट निर्माण सँग सम्बन्धित प्रचलित कानुनहरु
- दिगो विकासका लक्ष्य २०१६ देखि २०३०
- राप्ती गाउँपालिकाको आ.व. २०८३/८४ वार्षिक नीति तथा कार्यक्रम
- विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव तथा राप्तीवासी जनताका आवश्यकता र अपेक्षा

**सभाध्यक्ष महोदय,**

बजेटका उल्लेखित उद्देश्य र प्राथमिकताका आधारमा राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका मुख्य मुख्य व्यवस्थाहरु सहित **कुल बजेट रु. ७५ करोड ४ लाख ९६ हजार** देहाय अनुसार बजेट तथा कार्यक्रम क्षेत्रगत रुपमा यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

## सामाजिक विकास क्षेत्र

३१. सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म निःशुल्क शिक्षा, पाठ्यपुस्तक, छात्रवृत्ति, सेनिटरी प्याड, दिवाखाजा कार्यक्रम, पोशाक तथा स्टेशनरीको लागि सहयोग उपलब्ध गराएको छु।

३२. विद्यालय व्यवस्थापन समिती, प्रधानाध्यापक र शिक्षा शाखाबीच स्पष्ट सूचकसहित त्रिपक्षीय कार्यसम्पादन करार, कमजोर विद्यार्थीका लागि विशेष कक्षा सञ्चालन र उत्कृष्ट नेतृत्वलाई सार्वजनिक गर्ने व्यवस्था गरेको छु।

३३. शिक्षक अभाव हुन नदिन शिक्षक बैंकको अवधारणा कार्यान्वयन गर्ने व्यवस्था गरेको छु, नतिजामुखी विद्यालय व्यवस्थापन तालिम सञ्चालन लगायतको कार्यक्रमको लागि **शिक्षा तर्फ ८ करोड ९ लाख २० हजार रकम विनियोजन गरेको छु।**

३४. गाउँघरमा स्वास्थ्य अभियान–गाउँमा विशेषज्ञ घर–, विद्यालय योग साधना–तथा बालबालिका स्क्रिनिङ, नसर्ने रोग न्यूनिकरणका लागि वर्क प्लेस वेलनेस, आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक–प्रवर्धनात्मक–प्रतिकारात्मक निरन्तरता, प्रत्येक नागरिकको डिजिटल स्वास्थ्य प्रोफाइल निर्माण, प्राकृतिक चिकित्सायोग –आयुर्वेद प्रवर्द्धन–ध्यान, जेष्ठ नागरिक स्वास्थ्य सुरक्षा, सरुवा तथा नसर्ने रोग नियन्त्रण, स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका परिचालन, निशुल्क एम्बुलेन्सः, परिवार नियोजन–मानसिक स्वास्थ्य–खोप–पोषण–विद्यालय स्वास्थ्य शिविर, निजी स्वास्थ्य संस्था दर्ता व्यवस्थापन, प्रतिजैविक प्रतिरोध न्यूनिकरण, रक्तदाता नेटवर्क विकास, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा बीमा, विपन्न जीवन रक्षा कोष, स्वास्थ्य बीमा समावेश, बाल पोषण सुधार, मातृशिशु मृत्यु दर न्यूनिकरण, महिलामा पाठेघर क्यान्सर रोकथाम, समुदाय स्क्रिनिङ तथा जनचेतना, महामारी नियन्त्रण अनुसन्धान, ७० वर्ष माथिका जेष्ठ नागरिकलाई अस्पताल सेवामा निशुल्क सुविधा, औषधि सहज उपलब्धता, स्वस्थ जीवनशैली–ना स्वस्थ गाउँपौष्टिक आहार प्रवर्द्धन तथा नमु–टोल निर्माणका लागि **स्वास्थ्य तर्फ ४ करोड २ लाख ९६ हजार रकम विनियोजन गरेको छु।**

३५. लैङ्गिक समानता, सामाजिक न्याय, बालमैत्री वडा घोषणा, कुप्रथाहिंसा न्यूनिकरण–, दलित–आदिवासी–अपाङ्गता भएका, जेष्ठ नागरिक तथा एकल महिलाको संरक्षण, सीपप्रवर्द्धन उद्यमशिलता–, महिला लक्षित कार्यक्रम, लैङ्गिक हिंसा निवारण कोष स्थापना र समावेशी समाज निर्माणमा लगायतका कार्यका लागि **महिला, बालबालिका, जेष्ठ नागरिक तर्फ रकम रु. ५१ लाख ५० हजार रकम विनियोजन गरेको छु।**

३६. स्वच्छ खानेपानी पहुँच विस्तार, एक घर एक धारा नीति, सरसफाई केन्द्र आधुनिकीकरण, शून्य फोहोर अभियान, स्वच्छता परीक्षण अनिवार्य, फोहोर संकलनप्रशोधन–वर्गीकरण–, प्लास्टिक मुक्त पालिका, प्राङ्गारिक मल उद्योग प्रोत्साहन, सरुवा रोग नियन्त्रण तथा जलाधार संरक्षणमार्फत खानेपानी तथा सरसफाई सुनिश्चितताका लागि खानेपानी **तथा फोहोरमैला व्यवस्थापन तर्फ १ करोड ८३ लाख विनियोजन गरेको छु।**

## आर्थिक विकास क्षेत्र

३७. राप्ती कृषि हाटबजार विस्तार, सामुदायिक बनमा बायोचार उद्योग, कृषक समूहसहकारी सहयोग–, धान खरीद व्यवस्था, कृषि भेट एम्बुलेन्स, अर्गानिक जोन अभियान, बाह्रै महिना सिंचाइ सुविधा, कृषि पकेट क्षेत्र, एक गाउँ

एक उत्पादन नीति, यान्त्रिकीकरण सहयोग, बेसार उत्पादन, उत्पादनमा आधारित अनुदान, खाद्य सुरक्षा, पुष्पखेती प्रोत्साहन, कृषक सम्मान, युवा स्वरोजगार कृषि अनुदान, कृषि बीमा, प्रदर्शनी, प्रसार कार्य प्रभावकारी बनाउने तथा माटो अनुसार बाली छनौट लगायतका कार्यक्रमका लागि **कृषि विकास तर्फ ५२ लाख ६० हजार विनियोजन गरेको छ ।**

३८. दुध, अण्डा, माछा, मासु उत्पादन वृद्धि, निशुल्क उपचार-भ्याक्सिनेशन, गुणस्तरिय प्रयोगशाला, बधिया भाले प्रवर्द्धन, कृत्रिम गर्भाधान, घाँस बीउ अनुदान, उत्पादनमा आधारित अनुदान, मासु तथा बाख्रा प्रवर्द्धन, रेविज नियन्त्रण, पशु वृद्धाश्रम व्यवस्थापनमार्फत पशुपन्छी उत्पादन, स्वास्थ्य सुरक्षा र बजारीकरणलाई निरन्तरताका लागि **पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम तर्फ रकम रु. ५९ लाख ७० हजार विनियोजन गरेको छ ।**

## वन, वातावरण, विपद व्यवस्थापन

**३९.** "Green Rapti, Clean Rapti" नारासहित जोखिम नक्साङ्कन, वन जैविक विविधता संरक्षण, वृक्षारोपण, नदीजलचर संरक्षण–ताल–, तटबन्ध निर्माण, एक वडा एक सुरक्षित क्षेत्र, जलवायु अनुकुलन न्यूकरण,उर्जा हरित यातायात, दमकल सुविधा, द्रुत प्रतिकार्य टोली दिगो वातावरणीय सुरक्षा सुनिश्चितताका लागि **वन वातावरण तथा विपद व्यवस्थापन तर्फ २८ लाख ९५ हजार विनियोजन गरेको छ ।**

## पूर्वाधार विकास

४०. सडक गुरुयोजना अनुसार संघ–प्रदेश सहकार्यमा निर्माण, दिगो–भूकम्प प्रतिरोधी–अपाङ्गतामैत्री भवन, अधुरा आयोजना निर्माण प्राथमिकता, दुर्गम सडकमा एम्बुलेन्स सुविधा, चक्रपथ निर्माण, सडक स्तरोन्नति–मर्मत, सिचाइ नहर, विद्युत विस्तार, साझेदारीमा कालोपत्रे, जनश्रमदान निरन्तरता, उज्यालो राप्ती कार्यक्रम, खरको छाना हटाउने कार्यलाई निरन्तरताका लागि **पूर्वाधार विकास तर्फ जम्मा रकम रु. ६ करोड ८१ लाख ३८ हजार विनियोजन गरेको छ ।**

## स्थानीय न्यायिक समिति तर्फ

४१. मेलमिलाप केन्द्र सुदृढीकरण, पदाधिकारी क्षमता अभिवृद्धि, हिंसा पीडितका लागि सुरक्षित आवास निरन्तरता, जनचेतना कार्यक्रम, न्यायिक अधिकारको प्रभावकारी प्रयोग र मेलमिलापकर्तालाई सक्रिय परिचालनमार्फत छिटो, सहज र पहुँचयुक्त न्याय सुनिश्चितता लगायतका कार्यका लागि **स्थानीय न्यायिक समिति तर्फ रकम रु. ३० लाख ५० हजार विनियोजन गरेको छ ।**

## सुशासन, संस्थागत व्यवस्थापन र सेवा प्रवाह

**४२.** "बिधि पद्धति र पारदर्शिता; राप्ती गाउँपालिकाको प्रतिबद्धतानारालाई आत्मसात गर्दै सार्वजनिक सुनुवाइ ", एक टोल एक जिम्मेवारी, ऐनकानुन संहिताबद्ध–, कार्यसम्पादन करार, GEDSI परीक्षण, उपभोक्ता अधिकार प्रत्याभूति, नागरिक सन्तुष्टि सर्वेक्षण, उपभोक्ता समिति गठन, फाइल फर्छौट, डिजिटल प्रोग्रेस ट्र्याकिङ

ड्यासबोर्ड, उत्कृष्ट कर्मचारी सम्मान, स्मार्ट शासन प्रणाली, साइबर सुरक्षा, डिजिटल साक्षरता र एक क्लिकमा" सेवाअवधारणा कार्यान्वयन ग "र्ने र "जहाँ जनता त्यहीँ सेवानारालाई आत्मसात गर्दै विधिको शासन ", उत्कृष्ट कार्य गर्ने व्यक्तिहरु सम्मान, समानुपातिक सेवा प्रवाह, जनप्रतिनिधि कार्यक्रम, हेल्प डेक्स, हेलो राप्ती सरकार, बेरुजु फर्स्यौट वर्ष, घरदैलो सेवा सहित एकीकृत घुम्ती शिविर, सूचना डिजिटल प्रवाह, आयोजना कार्यान्वयनमा अनिवार्य समन्वय, उज्यालो राप्ती कार्यक्रम अन्तर्गत सडकबत्तीसिसिटिभी जडानमार्फत सुशासन–, पारदर्शिता र जनमैत्री सेवा सुनिश्चितताका लागि **सुशासन, संस्थागत व्यवस्थापन र सेवा प्रवाहमा लागि जम्मा रकम रु. ९३ लाख विनियोजन गरेको छु ।**

**राजश्व व्यवस्थापन तर्फ**

**४३.** संविधानअनुसार करगैरकर ऐन तर्जुमा–, पारदर्शी राजस्व प्रशासन, डिजिटल कर प्रणाली, "शून्य नगद कारोबार " नीति, कर शिक्षा अभियान, राजस्व चुहावट नियन्त्रण, उद्योगलाई कर छुट, व्यवसाय नविकरण प्रोत्साहन, चालु खर्च मितव्ययीकरण, पुँजीगत खर्च प्राथमिकता, र नारासहित स्थानीय अर्थतन्त्र "हाम्रो कर हाम्रै विकास" सबलीकरण लगायतका कार्यका लागि **राजश्व व्यवस्थापनमा लागि जम्मा रकम रु. ३८ लाख विनियोजन गरेको छु ।**

**भूमी व्यवास्थापन तर्फ**

४४. भूमि बैंकमार्फत बाँझो जमिन उपयोग, भूमिहीन दलितसुकुम्बासी व्यवस्थापन–, सरकारी जग्गा संरक्षण, चक्लाबन्दी कार्यक्रम, मुक्त कमैयाकमलहरी पहिचान र परिचयपत्र वितरण–, भूमिहीनलाई पुर्जा वितरण, जग्गा प्रशासन सेवा सञ्चालनमार्फत भूमिको महत्तम उपयोग, कृषि व्यवसायीकरण र खाद्य सुरक्षा सुनिश्चितताका लगायतका कार्यका लागि **भूमी व्यवस्थापन तर्फ रकम रु. १५ लाख विनियोजन गरेको छु ।**

**श्रम, रोजगार, उद्यमशिलता, उद्योग वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र तर्फ**

४५. "राप्तीका युवा र महिला, उद्यमशीलतामा पहिला"सिप हातमा रोजगारी साथमा" र " नारासहित बेरोजगार युवालाई सीपमूलक तालिम, स्वरोजगार कार्यक्रम, आन्तरिक रोजगार प्रवर्द्धन, सुरक्षित आप्रवासन, पुनःएकीकरण, वित्तीय साक्षरता, लघु उद्यम विकास, Invest in Rapti अभियान, सहकारी सुदृढीकरण, Make in Rapti कार्यक्रम, सांस्कृतिक संरक्षण तथा पर्यटन विकासमार्फत रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सबलीकरण लगायतका कार्यका लागि **श्रम, रोजगार, उद्यमशिलता, उद्योग वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र तर्फ रकम रु. ३७ लाख ४७ हजार विनियोजन गरेको छु ।**

४६. राप्ती गाउँपालिका तर्फ प्रशासनीक खर्च रकम रु. ११ करोड २३ लाख ७० हजार विनियोजन गरेको छु ।

४७. सम्पूर्ण वडा तर्फ रकम रु. ६ करोड ६९ लाख विनियोजन गरेको छु ।

४८. संघ तथा प्रदेश कार्यक्रम शशर्त तर्फ रकम रु. ३० करोड १९ लाख प्राप्त भएको छ ।

४९. संघ तथा प्रदेश कार्यक्रम विशेष कार्यक्रम तर्फ रकम रु. ७० लाख प्राप्त भएको छ ।

५०. संघ तथा प्रदेश समपुरक कार्यक्रम तर्फ रकम रु. १ करोड ४० लाख प्राप्त भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आ व २०८२।८३ को आय तथा व्यय अनुमान पेश गर्दछु ।

५१. संघीय सरकारको रु **५४ करोड ३२ लाख ५४ हजार** , प्रदेश सरकारको रु **७ करोड २२ लाख २७ हजार** र पालिका तर्फ स्थानीय राजश्व बाँडफाडँ तर्फ रु. **५ करोड ५ लाख, आन्तरिक स्रोत तर्फ ८ करोड ४५ लाख १५ हजार** सहित **कुल ७५ करोड ४ लाख ९६ हजार** विनियोजन गरेको छु।

५२. समग्रमा पुँजीगत तर्फ **रु १९ करोड ६९ लाख ८६ हजार** र चालु तर्फ **५५ करोड ३५ लाख १० हजार** विनियोजन गरेको छु।

५३. वडा तर्फ चालु तथा पुजिगत खर्चका लागि जम्मा रकम रु. **६ करोड ६९ लाख** विनियोजन गरेको छु।

५४. उल्लेखित कुल खर्चका लागि संघीय सरकारको प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट **रु. १३ करोड ५२ लाख** , शसर्त अनुदान चालु **रु. २४ करोड ९५ लाख संघीय शर्शत अनुदान पुजिगत १ करोड १६ लाख**, समपुरक अनुदानबाट **रु ६५ लाख**, विशेष अनुदानबाट **रु** ५० लाख र राजस्व बाँडफाँडबाट **रु १३ करोड ५४ लाख ५४ हजार** गरी जम्मा रु **५४ करोड ३२ लाख ५४ हजार** , प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानबाट **रु ९२ लाख ९ हजार**, प्रदेश सशर्त अनुदान **३ करोड ३३ लाख**, समपुरक अनुदान **रु ७५ लाख, प्रदेश विशेष अनुदान रु. २० लाख** र राजस्व बाँडफाँड तर्फ **रु.१ करोड २७ लाख १८ हजार** गरी जम्मा **रु ६ करोड ४७ लाख २७ हजार** तथा आन्तरिक स्रोत रोयल्टी बाँडफाँटबाट ३ करोड, घरजग्गा रजिष्ट्रेशन तर्फ रु**. २ करोड ५ लाख** र चालु आवको मौज्दात समेत **रु ५ करोड** गरी जम्मा रु **७५ करोड ४ लाख ९६ हजार** आय हुने अनुमान गरेको छु। चालु आ.व. को प्रस्तावित आय अनुमान **रु ६५ करोड २७ लाख २ हजारको** तुलनामा आगामी वर्षको आय अनुमान **रु. ९ करोड ७७ लाख ९४ हजार ( १४.९८ प्रतिशत)** ले बढि हुन पुगेको छ।

५५. आगामी आर्थिक वर्षको लागि विनियोजन भएको गाउँपालिकाभित्रका क्षेत्रगत तथा वडागत बजेट तथा कार्यक्रम अनुसूचीमा संलग्न राखी पेश गरेको छु।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने राप्ती गाउँपालिकाका अध्यक्षसहित सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, समाजसेवी, बुद्धिजीवी, सञ्चारकर्मी, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा सम्पूर्ण राप्तीवासी दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

राप्ती निर्माण केवल गाउँपालिकाको दायित्व मात्र होइन, यो सरकार, निजी क्षेत्र, नागरिक समाजबीचको साझा संकल्प, सामूहिक अठोट, संयुक्त प्रयास र सामूहिक अभियान हो भन्ने विश्वास लिएको छु ।

बजेट केवल अंकहरूको प्राविधिक विवरण वा अर्थ–राजनीतिक दस्तावेज मात्र होइन, यो त जनताले विश्वास गरेर सरकारलाई सुम्पिएको जिम्मेवारी पूरा गर्ने, मुलुकलाई सुधार्ने र विकासको बाटो देखाउने भरपर्दो नक्सा हो । राप्तीवासीहरूको सद्भाव, समर्थन र सहयोग नै गाउँपालिकाको स्थायी पूँजी हो, जसको संरक्षण र वृद्धि गर्न गाउँपालिका सधैं प्रतिबद्ध रहनेछ । प्रस्तुत बजेटले अघि बढाउन लागेको राप्ती गाउँपालिका निर्माणको यात्रामा

सबै राजनीतिक दल, पत्रकार, निजी क्षेत्र, श्रमिक, किसान, युवा, उद्यमी, प्रवासी नेपाली तथा सम्पूर्ण नागरिकलाई शिष्ट संवाद, सहकार्य, सार्थक सहभागिता र एकताको भावनासहित सहयोग गर्न हार्दिक अपिल गर्दछु ।

कमलापती चौधरी
उपाध्यक्ष
राप्ती गाउँपालिका, मसुरिया देउखुरी दाङ

**ईति सम्बत २०८३ असार महिनाको १० गते रोज ४ मा शुभम् ।**